नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./पत्राचार/फा.नं.१./२०७६/७७ मितिः- २०७६/१०/१६
चलानी नं.:- २८४

श्री स्थानीय तह, (सबै)।

विषय- पुनःताकेता सम्वन्धमा।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.सं. २०७६/७७, च.नं. १४८, मिति २०७६/१०/१२ को पत्रबाट मिति २०७६/०८/२२, च.नं. ६४ को पत्रबाट बालश्रमिकको अनुगमन, उद्धार, पुनर्मिलन एवम् पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७६ को मस्यौदामा राय/सुझाब पठाउने भनी पत्राचार भएकोमा हालसम्म पनि अधिकांश स्थानीय तहबाट प्रतिक्रिया प्राप्त हुन नसकेकोले बाँकी स्थानीय तहबाट मिति २०७६/१०/२७ गते भित्र संलग्न कार्यविधिको मस्यौदा उपर राय/सुझाब पठाउनुहुन पुनःताकेता गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.............................
जनकराज शर्मा
शाखा अधिकृत

बोधार्थः

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम सम्बन्ध शाखा, सिंहदरवार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(श्रम सम्वन्ध शाखा)

Visit nepal 2020 Lifetime Experiences

प.सं. :- २०७६/०७७
च.नं. :- १४८

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ६०३
मिति:- १०/१५

मिति : २०७६/१०/१२

विषय : पुनः ताकेता गरिएको बारे ।

स्थानीय तह क्षमता विकास महाशाखा
दर्ता नं. २३६
मिति: १०/१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

प्रस्तुत विषयमा मिति २०७६/०८/२२, च.नं. ६४ को यस मन्त्रालयबाट प्रेषित पत्रानुसार यसै पत्र साथ संलग्न बालश्रमिकको अनुगमन, उद्धार, पुनर्मिलन एवम् पुनर्स्थापना सम्वन्धी कार्यविधि, २०७६ को मस्यौदा सबै स्थानीय तहमा राय, सुझाव तथा प्रतिक्रिया प्रेषित हुने व्यवस्थाका लागि अनुरोध गरिएकोमा हालसम्म जवाफ पठाउन बाँकी स्थानीय तहहरुले मिति २०७६/१०/२७ गते सम्म राय/सुझाव पठाउनु हुन पुनः अनुरोध छ । उक्त मिति भित्र कुनै प्रतिक्रिया प्राप्त नभएमा प्रतिक्रिया नपठाउने स्थानीय तहको सो सम्वन्धमा सकारात्मक राय भएको मानी कार्यविधिलाई अन्तिम रुप दिइने व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रेमप्रसाद उपाध्याय)
शाखा अधिकृत

# बालश्रमिकको अनुगमन, उद्धार, पुनर्मिलन एवम् पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७६

मस्यौदा

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२०७६

# बालश्रमिकको अनुगमन, उद्धार, पुनर्मिलन एवम् पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७६

<u>प्रस्तावना:</u> कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने संवैधानिक व्यवस्था र अठार वर्ष पूरा नगरेका बालबालिकालाई बालश्रम (निषेध तथा नियमित) गर्ने ऐन, २०५६ तथा श्रम ऐन, २०७४ कसैले पनि बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाइने व्यवस्था भएको र सो को प्रभावकारी कार्यान्वयनका लागि वि.स. २०७९ सम्ममा निकृष्ट तथा शोषणयुक्त बालश्रम तथा वि.स. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य लिई तर्जुमा गरिएको बालश्रम निवारण सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०७५/०८५) ले अवलम्बन गरेको रणनीति बमोजिम बालश्रमको जोखिमा रहेका तथा बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अवस्था पहिचान, अनुगमन र नियमन गरी परिवार एवम् समाजमा पुनर्एकीकरण र पुनर्स्थापना गर्न वाञ्छनीय भएकोले,

श्रम ऐन, २०७४ को दफा १८१ ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले देहायको कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "बालश्रमिकको अनुगमन, उद्धार, पुनर्मिलन एवम् पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले श्रम तथा रोजगार कार्यालय सम्झनु पर्छ।

(घ) "बालश्रमिक" भन्नाले बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को दफा १४ र १६ ले तोकेको (कामको प्रकृति अनुसार) उमेर भन्दा कम उमेर तथा जोखिम वा शोषणयुक्त श्रममा

रहेका तथा मानसिक, शारिरीक वा शैक्षिक विकासमा असर गर्ने काम वा श्रममा रहेका बालबालिकालाई सम्झनु पर्छ ।

(ङ) "उद्धार" भन्नाले जोखिम तथा शोषणयुक्त श्रमको अवस्थामा रहेका बालबालिका वा अन्य बालश्रमिकलाई सम्बन्धित निकायको पहलमा छुट्कारा गराउनु भन्ने बुझ्नुपर्छ।

(च) "पुनर्मिलन" भन्नाले उद्धार गरिएका बालबालिकालाई उनीहरुको परिवार वा संरक्षक वा पूर्वआश्रित परिवार वा समुदायमा दीर्घकालीन स्याहारको लागि पठाउने व्यवस्था भन्ने बुझ्नुपर्छ।

(छ) "पुनस्थार्पना" भन्नाले उद्धार गरिएका बालबालिकालाई विकास तथा संरक्षणको उचित व्यवस्था गर्न परिवार वा समुदायमा ल्याउने कार्य भन्ने सम्झनु पर्छ।

(ज) "सञ्चालक समिति" भन्नाले बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२ को नियम २९ बमोजिम गठित समिति भन्ने सम्झनु पर्छ।

## परिच्छेद-२
## उद्देश्य र लक्षित समूह

३. उद्धेश्य: (१) बालबालिका श्रममा आउने कारण पहिचान गरी सो सम्वोधन गर्नु,

(२) बालश्रमिकको उद्धार, मनोपरामर्श, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुनर्स्थापना, तथा पुनर्मिलन कार्य तथा खर्च गर्ने प्रकृयामा एकरुपता कायम गर्नु,

(३) बालश्रमिकको उद्धार, शिक्षा, मनोपरामर्श, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुनर्स्थापना, तथा पुनर्मिलन गराई उनीहरुलाई बालश्रमबाट मुक्त गर्नु तथा बालश्रममुक्त मुलुकको निर्माणमा सहयोग पुर्‍याउनु।

४. लक्षित समूह: बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को दफा ३ तथा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-०८५) बमोजिम बालश्रमको दायरामा परेका र पर्न सक्ने सबै बालबालिकाका साथै बालश्रमिकको उद्धार, पुनर्स्थापना तथा पुनर्मिलन कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न सरोकारवालाहरु यो कार्यविधि अन्तर्गत लक्षित समूहमा पर्दछन्।

(क) घरेलु बालश्रम,

(ख) बाल भरिया,

(ग) कृषि बालश्रम,

(घ) लागूपदार्थ सङ्कलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,

(ङ) बुनाई बालश्रम,

मस्यौदा

(च)ईट्टा उद्योगको बालश्रम,

(छ) खानी क्षेत्रको बालश्रम,

(ज)मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत),

(झ)यातायात क्षेत्रको बालश्रम,

(ञ)जरी तथा बुट्टाभराईमा संलग्न बालश्रम,

(ट)छिमेकी देशमा पुर्‍याईएका बालश्रम,

(ठ)यान्त्रिक वा रसायनिक क्षेत्रमा काम गर्नेबालश्रम,

(ड)माग्ने काम गरिरहेका बालश्रम,

(ढ)सडक व्यापारमा संलग्न बालश्रम,

(ण)जडीबुट्टी सङ्कलन गर्नेबालश्रम,

(त)भौतिक पूर्वाधार क्षेत्रको बालश्रम तथा

(थ)होटेल रेष्टुराँका बालश्रम।

## परिच्छेद ३

### बालश्रमिकहरुको उद्धार सम्बन्धी व्यवस्था

५. **उद्धार कार्यका लागि पूर्वतयारी:** (१) बालश्रमिकहरुको उद्धार तथा पुनर्स्थापना कार्य शुरु गर्नु अघि सम्बन्धित निकाय वा कार्यालयले सो सम्बन्धमा जिम्मवार निकाय वा पदाधिकारीको काम, कर्तव्य र अधिकारका साथै सो का लागि आवश्यक साधनस्रोतको व्यवस्था गरी स्पष्ट विवरण तयार पार्नु पर्नेछ।

(२) सम्बन्धित निकाय वा कार्यालयले उद्धार गरिने बालबालिकाको लागि कानून बमोजिम सञ्चालन भएका सुरक्षित बालगृह, अल्पकालीन तथा आवसीय गृहको पहिचान, क्षमता निर्क्यौल तथा सो को सूचीकरण र समन्वय गर्नु पर्नेछ।

(३) सम्बन्धित निकाय वा कार्यालयले उद्धारको क्रममा आवश्यक समन्वयका लागि स्थानीय तहको सम्बन्धित क्षेत्र हेर्ने अधिकारी, राष्ट्रिय बालअधिकार परिषद्, नेपाल प्रहरी, गैर सरकारी संस्था तथा अन्य सरोकारवालाहरुसंग प्रारम्भिक छलफल गरी सम्बन्धित निकाय/पदाधिकारी एवम् कार्यको नक्शांकन विवरण तयार गरी राख्नु पर्नेछ।

६. **उद्धार प्रकृया:** (१) सम्बन्धित निकाय वा कार्यालयले राष्ट्रिय बालअधिकार परिषद्, बालश्रम उद्धारसंग सम्बन्धित क्षेत्र हेर्ने निकायको प्रतिनिधि, नेपाल प्रहरी, गैर सरकारी संस्था तथा अन्य

सरोकारवालाहरु समेतको संलग्नतामा अनुगमन टोली गठन गरी अनुगमन तथा उद्धार कार्य अघि बढाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन टोली गठन नभएको अवस्थामा अनुगमन तथा उद्धार कार्यसंग सम्बन्धित स्थानीय तह, नेपाल प्रहरी, गैर सरकारी संस्था तथा अन्य सरोकारवालाहरुको सहभागितामा उद्धार कार्य अघि बढाउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा उद्धार गरिए पश्चात सो को जानकारी तालुक निकाय र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

७. **उद्धार तथा पुनर्स्थापना प्रक्रिया:** (१) बालश्रमिकको विषयमा उजुरी वा जानकारी प्राप्त भएपछि,दफा ६ को उपदफा (१) वा उपदफा (२) बमोजिम अनुगमन गर्न सकिनेछ।

(२) अनुगमनको क्रममा भेटिएका बालश्रमिकहरुको विवरण तयार गरी मुचुल्का तयार गर्नु पर्नेछ।

(३) भेटिएका बालश्रमिकहरुलाई उद्धार गरी अनुसूचि १ बमोजिमको फारम भरी सुरक्षित बालगृह, अल्पकालीन तथा आवासीय गृहमा राख्नुपर्नेछ ।

(४) उद्धार गरिएका बालबालिकालाई आवश्यकतानुसार मनोसामाजिक परामर्श तथा अन्य सेवा प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद ४
## पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी व्यवस्था

८. **पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी पूर्वतयारी:** (१) पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्य शुरु गर्नु अघि फोटो सहितको व्यक्तिगत विवरण तयार गरी मामिला अध्ययन (case study) गर्नुपर्नेछ ।

(२) परिवारमा पुनर्मिलनको लागि परामर्श (counseling) सेवा प्रदान गर्ने र मनोपरामर्शको रिपोर्ट समेत तयार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) बालबालिकाको उमेर, शिक्षा, स्वास्थ्य लगायत सम्पूर्ण अवस्था खुल्ने गरी विवरण तयार गर्नु पर्नेछ।

(४) बालबालिकालाई परिवारसँग सम्पर्क स्थापनाका लागि स्पष्ट र अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

९. **पुनर्मिलन तथा पुनर्स्थापना प्रकृया:** (१) स्थानीय तह, स्थानीय प्रशासन, गैर सरकारी संस्थाहरु लगायत अन्य सम्बद्ध निकायसँग समन्वय एवम् सहकार्य गरी बालश्रमिकको परिवारको खोजी तथा पहिचान गर्नु पर्नेछ ।

(२) परिवार वा आफन्तको पहिचान भएको अवस्थामा उनीहरुलाई सम्पर्क गरी बोलाउनु पर्नेछ।

(३) उद्धार गरिएका बालश्रमिक दाबी गर्न आउने परिवार वा आफन्तले पुनर्मिलन तथा पुनर्स्थापनाका लागि अनुसूची २ को ढाँचा बमोजिम निवेदन र आवश्यक प्रमाण पेश गर्नुपर्नेछ ।

(४) उद्धार गरिएका बालश्रमिकसंग रहेको लत्ताकपडा वा अन्य सामान सहित परिवारलाई जिम्मा लगाउनु पर्नेछ ।

(५) परिवार पहिचान भएको तर लिन आउन नसक्ने अवस्था भएमा कार्यालय, सम्बन्धित स्थानीय तह, स्थानीय प्रशासन वा उसले तोकेको प्रतिनिधि वा टोली मार्फत उद्धार गरिएका बालश्रमिकलाई परिवारमा जिम्मा लगाउनु पर्नेछ ।

१०. **बैकल्पिक स्याहारमा पठाउन सकिने:** (१) परिवार पहिचान हुन नसकेको वा परिवारमा पुनर्स्थापना हुन नसक्ने अवस्था भएमा उद्धार गरिएका बालश्रमिकलाई निम्न अनुसारको प्राथमिकताको आधारमा वैकल्पिक स्याहारका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

१. नजिकका नातेदार (Kinship Care)

२. पालनपोषण कर्ता (Foster Care)

३. संस्थागत स्याहार (Institutional Care)

४. अन्य (Other)

(२) बालबालिकालाई बैकल्पिक स्याहारमा पठाउन पूर्व सम्बन्धित निकाय वा कार्यालयले १ महिनाको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) सूचना प्रकाशित भएको १ महिनासम्म परिवारको पहिचान हुन नसकेको खण्डमा बा बाबुआमा वा परिवारका सदस्यले बालबालिका जिम्मा लिन नसक्ने अवस्था भएमा उद्धार गरिएका बालश्रमिकलाई अनुसूची ३ को ढाँचा बमोजिमको फारम भराई वैकल्पिक स्याहारमा जिम्मा लगाउनु पर्नेछ ।

११. **जन्म दर्ता:** प्रत्येक बालश्रमिकको व्यक्तिगत विवरणको प्रतिलिपि सो बालबालिका पठाएको वा रहेको स्थानीय तहमा पठाउनु पर्नेछ। बालबालिकाको जन्म दर्ता रहेनछ भने त्यस्तो जन्म दर्ता गर्ने गराउने दायित्व जिम्मा लिने व्यक्ति वा संस्था वा स्थानीय तहको हुनेछ।

१२. **शिक्षा, स्वास्थ्य र क्षमता विकास:** उद्धार गरिएका बालश्रमिकको शिक्षा, स्वास्थ्य र क्षमता विकास लगायत अन्य आवश्यक व्यवस्थापन वैकल्पिक स्याहारको जिम्मा लिएका व्यक्ति वा संस्था वा सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

१३. **उद्धार तथा पुनर्स्थापना गृह:** दीर्घकालीन पुनर्स्थापनाका लागि सम्बन्धित प्रदेश/स्थानीय तहले आवश्यकतानुसार बालश्रमिक उद्धार तथा पुनर्स्थापना गृह स्थापना तथा सञ्चालन गर्न सक्नेछन्।

परिच्छेद ५

## संस्था छनौट प्रकृया

१४. **संस्था छनौट:** (१)अनुगमन तथा उद्धारको क्रममा भेटिएका बालश्रमिकहरुलाई सम्बन्धित निकाय वा कार्यालय मार्फत दफा ६(३) बमोजिम सुरक्षित गृह वा आवासमा राख्न आवश्यक संस्था छनौटको प्रकृया देहाय बमोजिमको हुनेछ:

(क) संस्था छनौटको लागि आर्थिक वर्ष शुरु भएको ३० दिन भित्रै सूचना प्रकाशन गर्नु पर्नेछ।

(ख) प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाहरुलाई सकभर प्रत्येक जिल्लामा कम्तीमा एक वटा संस्था पर्ने गरी छनौट गरिनेछ।

(ग)प्रचलित कानून बमोजिम प्रकृया पूरा गरी छनौट भएका संस्थाहरुसंग सम्बन्धित निकाय वा कार्यालयले समझदारी (MOU) गर्न सकिनेछ।

(घ)छनौट भएका संस्थाहरुमा उद्धार गरिएका बालश्रमिकलाई अनुसूची-१ बमोजिमको फारम भरी सम्बन्धित निकाय वा कार्यालयले हस्तान्तरण गर्न सक्नेछ।

परिच्छेद ६

## श्रोतसाधनको व्यवस्था

१५. **बालश्रमिक उद्धार तथा पुनर्स्थापनाका लागि श्रोतको व्यवस्था:** (१) बालश्रमिक उद्धार तथा पुनर्स्थापनाका लागि साविकमा रहेका बालबालिका (विकास तथा पुनर्स्थापना) कोष नियमावली, २०५३ बमोजिम स्थापना भएको बालबालिका (विकास तथा पुनर्स्थापना) कोष तथा बालश्रम (निषेध तथा नियमित) गर्ने ऐन, २०५६ बमोजिम स्थापना भएको बालश्रम निवारण कोषको परिचालन गर्न सकिनेछ।

(२) **आवश्यक साधन श्रोतको परिचालन:** बालश्रमिक उद्धार, पुनर्मिलन तथा पुनर्स्थापनाका लागि संघ, प्रदेश र स्थानीयले प्रचलित कानून बमोजिम आवश्यक साधन श्रोतको परिचालन गर्न सक्नेछन्।

(३) बालश्रमिक उद्धार तथा पुनर्स्थापनाका लागि गैरसरकारी संस्था तथा विकास साझेदार लगायत अन्य निकायबाट प्रचलित कानून बमोजिम सहयोग लिन सकिनेछ।

१६. **कोषको परिचालन:** दफा १६ को उपदफा (१) बमोजिमका कोषहरु देहायका क्षेत्रमा प्रयोग गर्न सकिनेछ:

क) अनुगमन तथा खोजी कार्य

ख) उद्धार कार्य

ग) पारिवारिक पुनर्मिलन

घ) परिवार तथा समुदायमा पुनर्स्थापना

मस्यौदा

ङ) बालबालिकाको लागि शैक्षिक सहयोग

च) सीप तथा व्यवसायिक तालिम

छ) बालश्रम निवारण सम्बन्धी चेतनामूलक कार्यक्रम

ज) परिवारको लागि आय आर्जन सम्बन्धी क्रियाकलापमा सहयोग र

झ) अन्य।

१७. **आवश्यक साधन श्रोतको परिचालनको सीमा:** दफा १६ बमोजिमका कोषहरुको प्रयोग सञ्चालक समिति, प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ।

## परिच्छेद ७

### विविध

१८. **मापदण्ड बनाउन सक्ने:** यो कार्यविधिको मूल भावना एवम् न्यूनतम मापदण्डमा प्रतिकूल असर नपर्ने गरी प्रचलित ऐन कानूनको अधिनमा रही प्रदेश तथा स्थानीय तहले बालश्रमिक उद्धार तथा पुनर्स्थापनाको लागि आवश्यक मापदण्ड बनाउन सक्नेछन्।

१९. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

२०. **बाधा अड्काउ फुकाउन सक्ने:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

मस्यौदा

## अनुसूचीहरु

## अनुसूची-१

मन्त्रालय/कार्यालय: ..........................................................................................

.........................................................................................

फोटो

### उद्धार गरिएका बालबालिकाको प्रारम्भिक दर्ता फारम

मस्यौदा

१. ब्यक्तिगत विवरण :

बालबालिकाको नाम थर : ................................अन्य नाम भए :......................उमेर :........लिंग ..:.......

स्थायी ठेगाना: जिल्ला......................गाँउपालिका/न.पा......................वडा नं.............टोल...........

उचाई....................तौल........................स्वास्थ्य अवस्था ..................................

पारिवारिक विवरण :

बाबुको नाम :.........................................जीवित/मृत्यु/छाडेको कतिभयो ?..............................

हाल कहाँ ? ..........................................के गर्दै ?.......................................................

आमाको नाम : .......................................जीवित/मृत्यु/छाडेको कति भयो ?...........................

हाल कहाँ ? ..............................................के गर्दै ? ...................................................

सौतेनी आमा/बाबु भए विवरण................................................................................................

सम्पर्क नम्बर :..................................................ठेगाना.........................................

स्थानीय अभिभावक भए नाम/ठेगाना/सम्पर्क : ...............................................................

परिवार संख्या :

दिदी....................बहिनी...........................दाई....................भाई............अन्य.............

सौतेनी: दिदी.....................बहिनी.....................दाई................भाई........... अन्य.............

३. आर्थिक अवस्था :

घर/जग्गा/ थप आयको विवरण :

..........................................................................................................................................

४. शैक्षिक अवस्था:

शैक्षिक अवस्था : पढेको छ( ) छैन ( ) पढेको भए कक्षा ..............कहिले सम्म पढेको....................

विद्यालयको नाम...................................................ठेगाना.................................................

पढने विचार छ( ) छैन( ) छ भने कहाँ..................................कति कक्षामा ........................पढ्नचाहेको

विद्यालय...................................................ठेगाना................................................

कुनै सीपमुलक तालिम लिने विचार छ ( ) छैन ( )

छ भने चाहेको सीप तालिमको विवरण..........................................................................

सहयोग चाहिने भए के सहयोग चाहिएको छ ? .................................................................

५. कामको विवरण :

काम गरेको कारखाना /घर/उद्योगको नाम :............................... स्थान : .....................

साहुको नाम :.......................................................................नाता : .......................

ठेगाना: .......................................................सम्पर्क नम्बर: ........................................

कामशुरु गरेको मिति वा अवधि: ............................

तलब ..........................

तलब कसले लिने गरेको ?........................................

लिन बाँकी छ भने कति ? ............................................

पहिले पेश्की लिएको भए कसले कति लिएको ? ...........................................................

१. बालबालिकाको छोटो विवरण :

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

२. बालबालिकाको अपेक्षाः

..........................................................................................................................................................

..........................................................................................................................................................

३. सहयोग गरिएको विवरणः

..........................................................................................................................................................

..........................................................................................................................................................

फारम भर्नेको नाम : ....................................................

संस्था : ....................................................

सही : ....................................................

मिति : ....................................................

मस्यौदा

## अनुसूची २

### अभिभावकले बालबालिका फिर्ता लिनका लागि दिनु पर्ने निवेदनको ढाँचा

**मिति** : २०...../........./

**श्री** ..............................ज्यू,

..........................................

.......................................... ।

**बिषय** : बालक/बालिका फिर्ता पाउँ भन्ने बारे ।

**महोदय**,

**प्रस्तुत** विषयमा ................ .................. ले स्थानीय सुरक्षा निकाय समेतको सहयोगमा मिति ........................मा घर/कारखानामा / उद्योगमा काम गर्ने बालबालिकाको उद्धार गर्ने क्रममा ....................................गाँउपालिका/नगरपालिका बस्ने म............................................... को छोरा/छोरी/................................ लाई अब उपरान्त घर, कारखाना तथा अन्य उद्योगहरु वा अन्य काममा नलगाउने, बेवारिशे नछाड्ने तथा बालविकास (लालनपालन, स्याहारसुसार, शिक्षा, स्वास्थ्य लगायत)का उचित र पर्याप्त प्रबन्ध समेत गर्ने शर्तमा मेरो ..........................को प्रतिलिपि थान............. यसै निवेदनका साथ संलग्न राखी निजलाई फिर्ता लिएर जान स्वीकृतिको लागि अनुरोध छ ।

निवेदक

व्यक्ति वा संस्थाको नाम: ..........................................

हस्ताक्षर: ..........................................

बालक/बालिकासंगको नाता/सम्बन्ध:..........................

मस्यौदा

अनुसूची ३

बालबालिकाको बैकल्पिक पुनर्स्थापनाका लागि सम्बन्धित व्यक्ति वा संस्थाले दिनुपर्ने निवेदनको ढाँचा

**मिति** : २०...../........./

**श्री** ..............................ज्यू,

..........................................

.......................................... ।

**विषय** : बालक/बालिका जिम्मा लिएको बारे।

**महोदय,**

प्रस्तुत विषयमा ................ ................... ले कार्यालय/स्थानीय प्रशासन/स्थानीय तहबाट बालक/बालिका ................................. लाई बालविकास (लालनपालन, स्याहारसुसार, शिक्षा, स्वास्थ्य लगायत)का उचित र पर्याप्त प्रबन्ध गर्ने तथा बेवारिशे नछाड्ने शर्तमा मेरो .............................को प्रतिलिपि थान............. यसै निवेदनका साथ संलग्न राखी जिम्मा लिनको लागि स्वीकृतिको लागि अनुरोध छ ।

निवेदक

व्यक्ति वा संस्थाको नाम: ..........................................

हस्ताक्षरः ..........................................

बालक/बालिकासंगको नाता/सम्बन्ध:..........................